# स्थानीय तहमा स्वास्थ्य व्यवस्थापन क्षमता अभिवृद्धि तालिम

# दुई प्याकेजको बीच गर्नु पर्ने कार्यहरूको प्रतिवेदन !

# प्रस्तुतीकरण कार्यक्रम

२०८३/०२/०७ गते।

स्वास्थ्य तालिम केन्द्र, बुटवल, रुपन्देही,

थबाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा
झकेबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प्रस्तोताः तुल बहादुर पन
स्वास्थ्य शाखा प्रमुख

# १. निर्माण भएका नीति, रणनीति, ऐन, नियमावली कार्यविधि, निर्देशिकाहरुको सूचि तयार गर्ने !

| कानुन, नीति, रणनीति र कार्यविधि | कार्यान्वनको अवस्था |
|---|---|
| १.थबाङ गाउँपालिका एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०- गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०९/२२। | भएको। |
| २. प्रथम आबधिक योजना, २०८०/८१-२०८४/०८५-आर्थिक तथा प्राविधिक सहयोगः प्रदेश सुशासन केन्द्र, बाँके नेपालगञ्ज | भएको। |
| ३. स्थानीय अनुकूलन कार्ययोजना,२०८०, आर्थिक वर्ष २०८०/०८१ देखि २०८४/०८५ सम्म।-आर्थिक तथा प्राविधिक सहयोगः पास नेपाल/आईपास नेपाल | भएको। |
| ४.थबाङ गाउँपालिका स्वास्थ्य नीति,२०७९-प्रमाणिकरण मितिः २०७९/०९/२४। | भएको। |
| ५.१५ शैयाको गाउँपालिका अस्पताल स्थापना र सञ्चालन सम्बन्धि कार्यविधि,२०७५- गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/१२/२४, प्रमाणिकरण मिति २०७५/१२/२५। | भएको। |
| ६.स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति कार्यविधि, २०७५ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/१२/२४ -प्रमाणिकरण मितिः २०७५/१२/२५। | भएको। |

# १. निर्माण भएका नीति, रणनीति, ऐन, नियमावली कार्यविधि, निर्देशिकाहरुको सूचि तयार गर्ने !

| कानुन, नीति, रणनीति र कार्यविधि | कार्यान्वनको अवस्था |
|---|---|
| ७.अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७५ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/१२/२४ - प्रमाणिकरण मितिः २०७५/१२/२५। | भएको। |
| ८.फोहरमैला व्यवस्थापन नियमावली, गाउँ कार्यपालिकाबाट,२०७५ स्वीकृत मितिः २०७५/१२/२४- प्रमाणिकरण मितिः२०७५/१२/२५ | भएको। |
| ९. विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५, गाउँ कार्यपालिकाबाट,२०७५ स्वीकृत मितिः २०७५/१२/२४- प्रमाणिकरण मितिः२०७५/१२/२५ | भएको। |
| १०. विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७४ | भएको। |
| ११.विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ | भएको। |

# निर्माण भएका नीति, रणनीति, ऐन, नियमावली कार्यविधि, निर्देशिकाहरुको सूचि तयार गर्ने !


| कानुन, नीति, रणनीति र कार्यविधि | कार्यान्वनको अवस्था |
|---|---|
| **बन्ने प्रक्रियामा रहेका- बनेका कार्यविधि पास हुन् बाँकी रहेका विवरणः** | |
| १.स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्बन्धि निर्देशिका, २०८० | बन्ने प्रक्रियामा रहेको। नियमन र अनुगमन भएको अझै दायरामा लिनुपर्ने देखिन्छ। |
| २.सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना तथा सेवा सञ्चालन कार्यविधि, २०८१/८२ | बनेको तर थबाङ गाउँ कार्यपालिका बैठकबाट पास हुन बाँकी रहेको। प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको निर्देशिका बमोजिम कार्यान्वय पूर्ण रुपमा लागू भएको। |
| ३.स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति कार्यविधि, २०८२ गाउँ कार्यपालिकाबाट स्वीकृत र प्रमाणिकरण हुन् बाँकी रहेको। यो कार्यविधि खारेज गरेर पुर्नलेखन गरिएको छ। | बनिरहेको छ। |
| ४. स्वास्थ्य आमा समूह दर्ता एवं सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि | बनिरहेको छ। |
| ५. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८२ | बनिरहेको छ। |

# १. युवा तथा किशोर-किशोरी स्वास्थ्य सेवा उपयोग: अवस्था

| Thabang Rural Municipality | | | |
|---|---|---|---|
| | Shrawan 2080 - Asar 2081 | Shrawan 2081 - Asar 2082 | Shrawan 2082 - Asar 2083 |
| 15.20 - % of health facilities with adolescent friendly services | 22.22 | 33.33 | 88.89 |
| 15.8 Number of adolescent friendly health facilities | 2 | 3 | 8 |
| 8.11 - % of adolescent girls aged 10-19 years who received IFA supplement for 13 weeks | 67.84 | 75.86 | 28.42 |
| 8.12 - % of adolescent girls aged 10-19 years who received IFA supplement for 26 weeks | 75.8 | 74.82 | 46.68 |
| Service Availability-Adolescent-friendly services | | | |
| Site Information-Adolescent Friendly Service Site | 2 | 3 | 8 |
| Target pop - Adolescent Population Aged 10-19 Years | 2213 | 1916 | 2121 |
| Target pop - Adolescent Population Aged 10-19 Years Female | 1132 | 961 | 1024 |


# १. युवा तथा किशोर-किशोरी स्वास्थ्य सेवा उपयोग: अवस्था

**Anaemic Level among 10 to 20 yrs. girls in TRM, Rolpa-2081/82- Lumbini Province Programme**



# १. युवा तथा किशोर-किशोरी स्वास्थ्य सेवा उपयोग: अवस्था

## BMI status among 10 to 20 yrs. Girls-2081/82, -Lumbini Province Programme



# १. युवा तथा किशोर-किशोरी स्वास्थ्य सेवा उपयोग: समस्या र उपाय

**समस्याहरु-**

1. रक्तअल्पता समस्या हल्का र मध्यम देखा परेको।
2. वि.एम.आई. अवस्थामा पनि समस्या देखा परेको ।
3. मानसिक समस्याहरु रहेको।
4. पत्रु खानाको प्रयोग अधिक मात्रामा रहेको।
5. मानिसहरुको आनीबानीमा समस्या रहेको।

**उपायहरु-**

१. रैथाने/ स्थानीय स्तरमा पाइने खानाको प्रवर्धन गर्ने।

२. पत्रु खानालाई पूर्ण रुपमा निषेध गर्ने।

३. आफ्ना समस्याहरु खुलस्त रुपमा राख्न सक्ने वातावरणको सृजना गर्ने।

४. खानासँगै नियमित दैनिक कामकाज र नियमित व्यायमलाई प्रवर्धन गर्ने।

५. स्वास्थ्य आमा समूह र विद्यालयमा अध्ययनरत किशोरकिशोरीहरुलाई सशक्त बनाउने।

# २. स्वास्थ्य क्षेत्रमा गरेको लगानीको विश्लेषण गर्ने, स्वास्थ्य क्षेत्र

| आ व | विवरण | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| २०८०/८१ | संघ | २५२०६२५०. | १९६६०६४२.९ | ७८. | |
| | निशर्त | ४८०६२५०. | २७०८७३५. | ५६.३६ | |
| | प्रदेश | ०. | ०. | ०. | |
| २०८१/८२ | संघ | २०९३६०००. | १९५८८२८५. | ९३.५६ | |
| | निशर्त | ११२७७४९२.५१ | १८२३१६७५. | ९४.५७ | 4521000/ 3833133 |
| | प्रदेश | ७५०००००० | ३८४८४७७. | ५१.३१ | 25/20/30 |
| २०८२/८३ | संघ | २५३७२५७१ | | | |
| | निशर्त | २१३००००० | | | |
| | प्रदेश | ० | | | |

# ३. आफूनो नेतृत्वमा सम्पन्न भएको एउटा मूख्य नमुना योग्य कार्यको प्रस्तुती गर्ने।

| क्र स | कृयाकलाप | प्रक्रिया | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १. | E-HMIS अन्तर्गत विद्युतीय अस्पताल व्यवस्थापन सूचना प्रणाली (Software as a Service-SaSS) जडान एवं सञ्चालन गरिएको छ। मिति २०८२/१०/१५ गते देखि HMIS Tools अनुसार साथै स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न अनिवार्य जडान गरिएको छ। | ➢ नेपाल सरकारद्धारा जारि गरिएको डिजिटल नेपाल फ्रेमवर्क २०१९ मा उल्लेख भए बमोजिम स्वास्थ्य सस्थाहरुलाइ डिजिटाइज गर्दै लैजाने उल्लेख छ। जस अनुसार नेपाल सरकारद्धारा eHealth Strategy, 2017 समेत जारी भएको छ। उक्त Strategy ले भविस्यमा स्वास्थ्य क्षेत्रलाई सूचना प्रविधिको अधिकतम प्रयोग गरि स्वास्थ्यसंग सम्बन्धित सम्पुर्ण तथ्याङ्कहरुलाई डिजिटाइज गर्ने उद्देश्यका साथ यो कार्यक्रम कार्यान्वयन गरिएको हो।<br>➢ Hospital Management Information System (EHMIS) लागु भएपछि कार्यालयलाई निम्न अनुसार फाईदा हुने देखिन्छ।<br>• स्वास्थ्य सस्थाबाट प्रदान गरिने सेवाहरु पारदर्शी हुने।<br>• स्वास्थ्य संस्थाले हाल रजिष्टरमा राख्दै आएको तथ्याङ्कहरु डिजिटल फर्ममा राख्न सकिने।<br>• विलिङ्ग, प्याथोलोजि, फार्मेसी र स्वास्थ्य वीमा कार्यक्रम सेवा डिजिटल हुने।<br>• कुनै पनि समय सम्म भएको कार्य प्रगति तयार गर्न सहज हुने। | ➢ प्रभावकारी कार्यान्वयन र काम भैरहेको छ।<br>➢ शुरुमा अप्ठेरो भएपनि सिस्टममा अभ्यस्त हुँदै गएपछि अहिले सजिलो भैराखेको छ।<br>➢ सबै कुरा सजिलो भएको छ। | |

# ५. यो वर्षको स्वास्थ्य सम्बन्धी औषधी खरिदको टिप्पणीको नमूना

थबाङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

थबाङ,

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:- २०८२/८३ मिति:- २०८२/१२/०१

च.नं.: ने.सं.:-११४६, चिल्लागा:११,आइतबार

**टिप्पणी र आदेश**

**विषय: औषधि खरिद (इ.सिलबन्दी दरभाउ पत्रमार्फत) सम्बन्धमा ।**

श्रीमान, प्रमुख प्रशासकीय अधिकृत ज्यु,

यस थबाङ गाउँपालिका वडा नं.१ देखि ५ मा स्थित १ वटा आधारभूत अस्पताल सहित ९ वटा स्वास्थ्य संस्थाहरुबाट निरन्तर निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आकस्मिक तथा आधारभूत औषधिकरुको मौज्दात न्यून रहेकोले आ.व. २०८२/८३ मा आकस्मिक तथा आधारभूत औषधीजन्य सामग्रीहरु खरिद गर्न संघीय सशर्त अनुदान तर्फ रु. १०,८७,०००/- र निशर्त समानिकरण अनुदान तर्फ रु. ११,००,०००/- गरी जम्मा रु. २१,८७,०००/- बजेट विनियोजन भएको छ ।

उक्त बजेटको परिधिभित्र रही आवश्यक औषधि खरिद कार्य गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-७, को नियम ८४ को उपनियम १ र १ (क) बमोजिम इ.सिलबन्दी दरभाउ पत्र (Sealed Quotation) विधिबाट गर्न उपयुक्त देखिन्छ, किनभने खरिद रकम तोकिएको सीमाभित्र पर्दछ र सो कार्य गर्न कार्यालय प्रमुखबाट स्वीकृत आवश्यक रहेकोले,

तसर्थ आ.व.२०८२/८३ मा खरिद गरिने औषधी तथा औषधीजन्य सागग्रीहरुको प्रक्षेपण तथा परिमाण निर्धारण भएकोले, सो को आधार र बजेटको सिमाभित्र रही प्रचलित कानुन बमोजिम इ.सिलबन्दी दरभाउ पत्र आह्वान गरी औषधि खरिद प्रक्रिया अगाडि बढाउन स्वीकृतिका लागि मनासिव देखिएकोले श्रीमान समक्ष पेश गरिएको छ ।

तयार गर्नेको दस्तखत:......

नाम: तुल बहादुर पुन

पद:जनस्वास्थ्य निरीक्षक

मिति:२०८२/१२/०१ गते ।

राय,

राय पेश गर्नेको दस्तखत: ......

नामः डम्बरबहादुर सुनार

पदःआर्थिक प्रशासन शाखा प्रमुख

मितिः२०८२/१२/०१

स्वीकृत गर्नेको दस्तखत:......

नाम:गणेश वि.क.

पद:प्रमुख प्रशासकीय अधिकृत

मिति:२०८२/१२/०१ गते ।

"व्यवसायिक र सृजनशील प्रशासनः विकास, समृद्धि र सुशासन,

सम्पर्क : [illegible], www.facebook.com/thabangruralmunicipal,

email-thabangrm58@gmail.com, www.thabangmun.gov.np

# ५. वार्षिक स्वीकृत कार्यक्रमको लागी स्वास्थ्य संस्थाहरुलाई पठाउने पत्रको नमुना !

थबाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा

कार्यालय कोड नं.:८०१०५५४०३

झकेबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:- २०८२/८३
च.नं.: ४८

मिति:- २०८२/१२/०३
ने.सं ११४६ चिल्लागा:१३, मंगलबार

श्री सबै स्वास्थ्य संस्था प्रमुख ज्यु,
श्री सामुदायिक स्वास्थ्य इकाई केन्द्र, खेरबाङ, भित्रिवन, ठूलोगाउँ मिरुल र थर्पु, रोल्पा ।
श्री थबाङ आधारभूत अस्पताल, झकेबाङ, रोल्पा ।
श्री स्वास्थ्य चौकी मिरुल र उवा, रोल्पा ।
श्री आधारभूत स्वास्थ्य सेवा केन्द्र छेर्लोबाङ र घोराबाङ, रोल्पा ।

**विषय: पालिका स्तरीय मासिक बैठकमा सहभागी हुने सम्बन्धमा ।**

प्रस्तुत विषयका सम्बन्धमा थबाङ गाउँपालिका स्तरीय स्वास्थ्य संस्था प्रमुखहरुको मासिक बैठक तपसिलका मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले यसै पत्रसाथ संलग्न चैत्र महिनाका मासिक एजेण्डाहरुलाई स्वास्थ्य संस्थाको मासिक कर्मचारी एवं स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा छलफल गरी साथै आ.व.२०८२/८३ मा विनियोजित बजेट तथा कार्यक्रमहरु उपलब्ध ढाँचामा दोस्रो चौमासिक सम्मको प्रगति प्रतिवेदन सहित अनिवार्य उपस्थितको लागि अनुरोध छ ।

तपसिल
मिति: २०८२/१२/०८ गते ।
समय: बिहान १०:०० बजे देखि ५:०० बजे सम्म ।
स्थान: थबाङ गाउँपालिका, झकेबाङ, रोल्पा ।

(तुल बहादुर पुन)
स्वास्थ्य शाखा प्रमुख

बोधार्थ:
श्री स्वास्थ्य कार्यालय रोल्पा ।
श्री सूचना तथा प्रविधि शाखा-थबाङ गाउँपालिका-जानकारी गराउनुहुन ।

"गुणस्तरीय स्वास्थ्य सेवा, हाम्रो प्रतिबद्धता"
"जनस्वास्थ्यकका मापदण्डहरुको कडा रुपमा पालना गरौं गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं "।
सम्पर्क :९८५७८२४७५०, ९८५७८७७०४१, ९८५१२२१५७३ www.facebook.com/thabangruralmunicipal,
email-thabangrm58@gmail.com
www.thabangmun.gov.np

---

थबाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा

कार्यालय कोड नं.:८०१०५५४०३

झकेबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:- २०८२/८३
च.नं.: ६०

मिति:- २०८२/१२/२५
ने.सं ११४६ चौलागा:६, बुधबार

श्री थबाङ आधारभूत अस्पताल, झकेबाङ, रोल्पा ।
श्री आधारभूत स्वास्थ्य सेवा केन्द्र घोराबाङ, रोल्पा ।
श्री स्वास्थ्य चौकी उवा, कोटलबारा, रोल्पा ।

**विषय: सहभागी एवं जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयका सम्बन्धमा स्वास्थ्य कार्यालय रोल्पा, पत्र संख्या २०८२/८३, चलानी नं.-३५६, मिति २०८२/१२/२५ गतेको प्राप्त पत्रानुसार स्वास्थ्य कार्यालय रोल्पाको आयोजनामा कुपोषित बालबालिका खोजपडताल सम्बन्धि १ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन हुने भएकोले यस पालिकाको तपसिल बमोजिम उल्लेखित स्वास्थ्य संस्थाबाट सहभागी भई जानुहुन एवं जानकारी गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क्र.सं. | नामथर | पद | मिति र समय | स्थान |
|---|---|---|---|---|
| १. | राज कुमार बुढा मगर | सि.अ.हे.व.अधिकृत | २०८२/१२/ २८ गते बिहान ९ बजे देखि ५ बजे सम्म । | स्वास्थ्य कार्यालय रोल्पाको सभाहल । |
| २. | मन कुमारी पुन | अ.हे.व. | | |
| ३. | निम बहादुर सुवेदी | हेल्थ असिष्टेन्ट | | |

(तुल बहादुर पुन)
स्वास्थ्य शाखा प्रमुख

अवगतार्थ/बोधार्थ:
श्री स्वास्थ्य कार्यालय, रोल्पा ।
श्री सूचना तथा प्रविधि शाखा-थबाङ गाउँपालिका-जानकारी एवं वेवसाइटमा अपलोड गर्नुहुन् ।

"गुणस्तरीय स्वास्थ्य सेवा, हाम्रो प्रतिबद्धता"
"जनस्वास्थ्यकका मापदण्डहरुको कडा रुपमा पालना गरौं गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं "।
सम्पर्क :९८५७८२४७५०, ९८५७८७७०४१, ९८५१२२१५७३ www.facebook.com/thabangruralmunicipal,
email-thabangrm58@gmail.com
www.thabangmun.gov.np

# ६. आ.व.२०८२/८३ को स्वास्थ्य कार्यक्रमहरुको google calender

## HS-Annual Operation Plan Calender, 2082-83-Final.xlsx

# ७. प्रकोप, महामारी विपद् भएको भए सो को प्रतिकार्यका लागि भएको कार्यहरु उल्लेख गर्ने !

| क्र स | प्रकोप तथा महामारी | स्वास्थ्यमा प्रभाव | कृयाकलाप | कैफियत |
|---|---|---|---|---|
| १. | घर आगोलागि (मिति:२०८३/०१/०७ गते दिउँसो करिब १:५० मिनेट जाँदा हावाहुँरीका कारण आगलागि भएको थियो। | १. एकजना वृद्धको खुट्टाको पैतला र माथि पट्टिको भाग जलेको थियो। साथै अर्को जना व्यक्तिको कान जलेको थियो। आगो निभाउने क्रममा धुवाँका कारण सास फेर्न गाह्रो भएको थियो। आँखा पोल्ने। मानसिक तनाव, डर र चिन्ता | ➢ दिउँसो १:५२ मिनेट जाँदा थाहा पाउन बित्तिकै ४ फायर इस्टिङगुइसर लिएर बाइकमा नि-वर्तमान २ नं. वडा अध्यक्षसँग बाइकमा गएर आगो निभाउने प्रयास गरिएको थियो।<br>➢ प्रयाप्त पानी अभावका कारण गैटी, कुटो, कोदालो, बेल्चा र बाल्टीको प्रयोगबाट माटो खनेर आगो निभाउने प्रयास गरिएको थियो। साथै पुगे सम्म पानीको पनि प्रयोग गरिएको थियो।<br>➢ ४ वटा त्रिपाल सहित अति आवश्यक खाद्य सामग्री (नुन तेल, दाल, चामल, भाँडाकुडा, उड्ने, उछ्याउने, साबुन स्यानीटरी प्याड, तयारी फास्टफुड, मञ्जन र ब्रुस आदि) ५० हजार भन्दा बढिको मालसामान तुरुन्त करिब बेलुका | |

# आगलागीबाट पूर्ण रुपमा जलेको घरको तस्वीर र आगोलागी पिडितलाई राहत सामग्री वितरण गरिएको तस्विर ।





# ८. शाखाको मासिक बैठकको बैठक सञ्चालनको चैत्र महिनाका मासिक एजेण्डा

आ.व. २०८२/८३ चैत्र महिनामा वडाका स्वास्थ्य संस्था प्रमुखको अध्यक्षतामा कर्मचारीहरुबीच छलफल गरिने मासिक बैठकका एजेन्डाहरु:-

1. सबै स्वास्थ्य संस्थाहरुले फाल्गुन महिनाको मासिक प्रतिवेदन 9.3 छिटै तयार गरी स्वास्थ्य संस्थाका कार्यक्रमका फोकल पर्सनहरुको बैठक बसि वृहत छलफल गरि DHIS-2 मा समयमा Entry गर्नुहुन साथै तथ्यांकको गुणस्तर सुधारमा पनि केन्द्रित हुन।
2. चालु आ.व. २०८२/८३ को लक्षित जनसंख्या DHIS-2 मा आईसकेको हुँदा अर्ध-वार्षिक समय अवधिको सबै कार्यक्रमहरुको प्रगतीको समिक्षा गर्नुहुन।
3. Covid-19/HPV/NCD कार्यक्रमको समिक्षा तथा निरन्तरता गर्दै DHIS-2 मा पनि प्रतिवेदन भएको सुनिश्चित गर्नुहुन।
4. कुपोषित SAM/MAAM बालबालिकाहरुको स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयं सेविकाद्वारा घरभेट तथा परामर्श कार्यक्रमको निरन्तरता दिनुहुन।
5. आफ्नो वडाहरुलाई पूर्ण खोप तथा दिगोपना सुनिश्चिता घोषणा कार्यक्रम सम्पन्न गरि वडा घोषणा गर्नुहुन।
6. पुर्ण संस्थागत प्रसूति वडा तथा पालिका घोषणा कार्यक्रमको तयारी गर्नुहुन।
7. eTB, RMNCAH, MPDSR, NHFR, NWFR, mHealth (मोबाइल स्वास्थ्य) लगायत अन्य प्रणालीहरुमा विवरण पालिकासँग समन्वय गरी अध्यावधिक गर्नुहुन ।
8. सबै वडाका बर्थिड सेन्टरहरूमा आवश्यक पर्ने इमर्जेन्सी औषधि तथा औजार उपकरणहरु तयारी अवस्थामा भएको सुनिश्चित गर्नुहुन।
9. किशोरी रक्त अल्पताबाट निदान भएका रक्त अल्पता देखिएका किशोरीहरुलाई Iron द्वारा उपचार पूर्णता गर्नुहुन।
10. स्वास्थ्य विमाको Coverage बढाउने व्यवस्थाको वडा कार्यालयसँग सहजिकरण गर्नुहुन।
11. स्वास्थ्य प्रवर्धन विद्यालय / पूर्ण खोप विद्यालय घोषणा गर्नको लागि सबै सरोकारवाला निकायहरु संग समन्वय तथा छलफल गर्नुहुन।
12. भुक्तानी प्रयोजनको लागि ८० वर्ष माथिका जेष्ठ नागरिकलाई घरभेट कार्यक्रम, HPV कार्यक्रमको ढुवानी, नियमित खोप कार्यक्रम, NCD कार्यक्रमको कागजात यस कार्यालयमा पेश गर्नुहुन।
13. आफ्नो स्थानीय तह तथा स्थानीय तहमा रहेका संघ संस्थाद्वारा संचालित एम्बुलेन्सहरुलाई एम्बुलेन्स संचालन निर्देशिका, २०८२ अनुसार नियमन गर्नुहुन।
14. गर्मीयाम शुरू हुन लागेको हुँदा मलेरिया परिक्षणको दायरा बढाउनुहुन।
15. क्षयरोगीका संभावित विरामीहरुको Screening गरी क्षयरोग कार्यक्रमको चेकजाँचको दायरा वृद्धि गर्नुहुन।
16. PAMS V2 नियमित सञ्चालन गर्न/गराउनुहुन ।
17. जिल्लाबाट संचालन हुने धैरै कार्यक्रमहरुमा स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुलाइ सहभागीता गराउनुपर्ने भएको हुनाले चालु आ.व. २०८२/८३ मा गर्नुपर्ने कामहरुको योजना गरि कार्यक्रमहरु संचालन गर्नुहुन।
18. यही चैत्र महिनाको १० गते तद अनुसार March 24, 2026, विश्व क्षयरोग दिवसको कार्यक्रम तहाँ स्वास्थ्य संस्थामा भव्यताका साथ कार्यक्रम गरि मनाउनुहुन। (क्षयरोग कार्यक्रमको Banner यसै साथ पठाईएको छ) ।
19. सबै कार्यक्रम फोकल पर्सनलाई कार्यक्रम बाँडफाँड गरी सञ्चालन गर्न/गराउनुहुन ।
20. सबैका गुणासाहरुलाई संकलन र सम्बोधन छलफल गर्नुहुन ।
21. श्रावण देखि फाल्गुन मसान्त सम्म भएका जनस्वास्थ्य क्रियाकलापहरुको सबै भुक्तानी माग गर्नुहुन् ।
22. अन्य एजेन्डाहरु थप गरेर साथै पालिका स्तरको बैठकमा रचनात्मक सुझाव र कार्यान्वयनको लागि पेश गर्नुहोला ।

# ८. शाखाको मासिक बैठकको बैठक सञ्चालनको माइनॅटिग र निर्णय !

आ.व.२०८२/८३

बैठक संख्या ०४

आज मिति २०८२/१२/०८ गते आइतबारका दिन रोल्पा जिल्ला, थबाङ गाउँपालिका, झकेबाङ, रोल्पामा थबाङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री गणेश वि.क. ज्यूको अध्यक्षतामा, प्रमुख अतिथि थबाङ गाउँपालिका अध्यक्ष श्री ऋषिकेशव बुढा मगर, अतिथि उपाध्यक्ष श्री शर्मिला बुढा मगर, ५ वटै वडा अन्तर्गत रहेका थबाङ आधारभूत अस्पताल नि.अस्पताल प्रमुख, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई केन्द्र प्रमुखहरु लगायत तपसिलको उपस्थितिमा मासिक बैठक बसी चैत्र महिनाका विभिन्न एजेन्डाहरुमा निम्नबमोजिम छलफल गरी निर्णय गरियो।

उपस्थिति:

| क्र.सं. | सहभागी विवरण | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | श्री ऋषिकेशव बुढा मगर | थबाङ गाउँपालिका अध्यक्ष | थबाङ गाउँपालिका, झकेबाङ, रोल्पा | 9857854750 | |
| २ | श्री शर्मिला बुढा मगर | थबाङ गाँउपालिका उपाध्यक्ष | थबाङ गाउँपालिका, झकेबाङ, रोल्पा | 9845471244 | |
| ३ | श्री गणेश वि.क. | प्रमुख प्रशासकीय अधिकृत | थबाङ गाउँपालिका, झकेबाङ, रोल्पा | 9857824750 | |
| ४ | श्री डम्बरबहादुर सुनार | आर्थिक प्रशासन शाखा प्रमुख | आर्थिक प्रशासन शाखा | 9843757779 | |
| ५ | श्री हरिश माझी | प्रशासन शाखा प्रमुख | प्रशासन, योजना तथा अनुगमन शाखा | 9863361463 | |
| ६ | श्री राज कुमार बुढा मगर | नि.अस्पताल प्रमुख (सि.अ.हे.व.अ.) | थबाङ आधारभूत अस्तपाल, झकेबाङ, रोल्पा | 9842517517 | |
| ७ | श्री निम बहादुर सुवेदी | हेल्थ असिष्टेन्ट | स्वास्थ्य चौकी उवा, कोटलबारा, रोल्पा | 9868618173 | |
| ८ | श्री प्रतिभा घर्तिमगर | हेल्थ असिष्टेन्ट | स्वास्थ्य चौकी मिरुल, टुटु, रोल्पा | 9863129908 | |
| ९ | श्री मन कुमारी पुन | अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा केन्द्र घोराबाङ, रोल्पा | 9869982784 | — |
| १० | श्री दिपा बुढा | अ.न.मी. | आ.स्वा.से.के.घोराबाङ | 9864730576 | |
| ११ | श्री बिमला पुन | अ.न.मी. | आ.स्वा.से.के.छेर्लोबाङ | 9847962008 | |
| १२ | श्री दिनिजा पुन | अ.हे.व. | सामुदायिक स्वास्थ्य इकाई केन्द्र, ठूलोगाउँ मिरुल, रोल्पा | 9860274433 | |
| १३ | श्री दिपेन्द्र ओली | हेल्थ असिष्टेन्ट | सामुदायिक स्वास्थ्य इकाई केन्द्र, ठूलोगाउँ मिरुल, रोल्पा | 9860274433 | |
| १४ | श्री धनेष्ट बुढा | अ.हे.व. | सामुदायिक स्वास्थ्य इकाई केन्द्र थर्पु, रोल्पा | 9864346950 | |
| १५ | श्री प्रियासी झाँक्री बुढा मगर | अ.हे.व. | सामुदायिक स्वास्थ्य इकाई केन्द्र खेरबाङ, रोल्पा | 9866909549 | |
| १६ | श्री शर्मिला चौधरी | प.हे.न. | स्वास्थ्य शाखा | 9840530114 | |
| १७ | श्री निशा वली | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य शाखा | 9841538304 | |
| १८ | श्री तुल बहादुर पुन | जनस्वास्थ्य निरीक्षक | स्वास्थ्य शाखा | 9841619873 | |
| १९ | श्री बिमला बुढा मगर | बहुक्षेत्रिय पोषण सहजकर्ता | थबाङ गाउँपालिका | 9868660517 | |
| २० | श्री सम्झिपुरा बुढा मगर | कार्यालय सहयोगी | थबाङ गाउँपालिका | 9864044077 | |
| २१. | [illegible] | [illegible] | [illegible] | [illegible] | |

प्रस्तावहरु:-

१.कुपोषित SAM/MAM केश घरभेट सम्बन्धमा।

२. समुदायमा क्षयरोग खोजपड्ताल र VIA Camp सञ्चालन सम्बन्धमा।

३. IUCD/Implant तालिम सम्बन्धमा।

४. स्वास्थ्य तर्फका कार्यविधि पेश गर्ने सम्बन्धमा।

निर्णय नं.१, प्रस्ताव नं. १ माथि छलफल गर्दा SAM केशको सन्दर्भमा स्वास्थ्यकर्मी घरमा गई भेट गर्ने साथै MAM केशको सन्दर्भमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत घरभेट कार्यक्रम गर्ने निर्णय गरियो।

निर्णय नं.२ माथि गहन रुपमा छलफल गर्दा समुदायमा क्षयरोग खोजपड्ताल र VIA Camp सञ्चालन सम्बन्धमा थबाङ गाउँपालिका वडा नं.३ को स्वास्थ्य चौकी मिरुल र वडा नं.१ र २ को थबाङ आधारभूत अस्पतालमा केन्द्र विन्दु बनाई सम्पूर्ण आम नागरिकको लागि उक्त खोजपड्ताल तथा निःशुल्क प्रजनन रुग्नता स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं.३, प्रस्ताव नं.३ माथि छलफल गर्दा IUCD तालिम स्वास्थ्य चौकी उवाबाट १ जना अ.न.मी. र Implant तालिम ३ जनालाई आधारभूत स्वास्थ्य सेवा केन्द्र-१ जना, सामुदायिक स्वास्थ्य इकाई केन्द्र खेरबाङ-१ जना र आधारभूत स्वास्थ्य सेवा केन्द्र छेर्लोबाङबाट १ जना सहभागी हुने गरी तय गरिएको छ।

निर्णय नं. प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिलका विषयहरुलाई मिति २०८२/१२/०९ गते बस्ने थबाङ गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

१. थबाङ गाउँपालिका वडा नं.१ देखि ५ स्थित स्वास्थ्य संस्थाहरुको संगठनात्मक संरचना (O&M)।
२. सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०८२।
३. स्वास्थ्य संस्था सञ्चाल तथा व्यवस्थापन समिति कायिविधि, २०८२।
४. सबै स्वास्थ्य संस्थाको नागरिक वडा पत्र सम्बन्धमा।

# ९. पछाडी परेको बस्तीलाई योजनामा समावेस गर्ने आधारहरु तयार गर्ने, सो का लागि के-के कृयाकलापहरु प्रस्ताव गर्ने !

| क्र स | समुदाय/टोलको नाम | मुख्य समस्या | हालको अवस्था | कृयाकलाप | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माघेखर्क, | खोप कार्यक्रम र प्राथमिक स्वास्थ्य सेवा तथा गाउँघर क्लिनिक सेवा कार्यक्रमबाट सम्भावित छुटन सक्ने कुना कन्दराका वस्तीहरु | सबै सेवाको पहुँचमा रहेको । | प्रत्येक गाँउ/टोलबाट यथार्थ तथ्याक रा.म.सा.स्वा.स्व.से. र स्वंय खोप कार्यर्ताबाट लिने । प्रत्येक महिना स्वास्थ्य आमा समूह बैठकमा खोप लगायत सबै आधारभूत स्वास्थ्य सेवाको बारेमा छलफल गर्ने । प्राथमिक उपचार/ । मिलिजुली स्वास्थ्य आमा समूह जुतर बैठक प्रत्येक महिनाको २८ गते । तौल बृद्धि अनुगमन सेवा । गर्भवती जाँच । परिवार नियोजन । सुत्केरी जाँच । परामर्श सेवा । IMNCI सेवा । प्राथमिक उपचार । मिलनसार स्वास्थ्य आमा समूह बैठक प्रत्येक महिनाको १० गते । तौल बृद्धि अनुगमन सेवा । गर्भवती जाँच । परिवार नियोजन । सुत्केरी जाँच । परामर्श सेवा । | पालिका स्तरबाट खोप केन्द्र र प्राथमिक गाउँघर | |
| | मदने, चाबाङ, दाङजा | | | | | |
| २ | टोड्के, झिम्पो | | | | | |
| | ग्लकोबाङ, दिशारी, डुँलिडाँडा, पलबाङ, तिप्ला, फुली, गैपो, चापखङ, खाबाङखोला, कोइजबाङ, बलाङ्जा, सोपा | | | | | |
| | झेम्नेटा, झाँक्रीखोला, बार्गिल, चीरका, छेडा, कन्डे, जाजरकोट, | | | | | |
| ३ | जाया, रड्दै (शिखरकोट), सातताले, नुलेझर, माराखर्क, रिङ, रिङ टाकुरा, असारे, दाइपु | | | | | |
| | माखोला, सिवरी, पहिरागाला | | | | | |
| ४ | घ्याङ्रो, बादिम, साउनेखर्क, बाजै, भेडिखर्क, ;'बासा, उपुम, जोगीमारे, सुन्दरखर्क, खाडा, पुषबाङ, लगनजा, | | | | | |
| | जुतर, थापलाखर्क, नारजाखोरे, गुराँसे, चुत्राघारी, खस्रे, तेलखोला -नकोबाङ, बाङडेरा, झाँक्रीडेरा, डाँडाडेरा, नेताबाङ, कामीडेरा,टिमुरखङ, मझिमडेरा, मोरबाङ_, लुङचान, दाङखङ, | | | | | |
| ५ | नम्छिगुङ, भिङरङ, सिरक्याङ, भान्डेखर्क, बाजै, टोड्के र छानबाङ | | | | | |

# ९. पछाडी परेको बस्तीलाई योजनामा समावेस गर्ने आधारहरु तयार गर्ने, सो का लागि के-के कृयाकलापहरु प्रस्ताव गर्ने !

- **सामाजिक विकास स्वास्थ्य शाखा योजना.xlsx**

# १०. पालिका स्तरको Palika Profile तयार भएको भए लिइ आउनुहोस र नभएको भए खाका सहित पेश गर्नुहोस !

- Health Profile-Thabang Rural Municipality.docx



# धन्यवाद